# संवत् २०७७ साल असार २८ गते मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरु

१. कर्णाली प्रदेश बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को तेस्रो संशोधन स्वीकृत गर्ने ।

२. कर्णाली प्रदेश आन्तरिक लेखा परिक्षण निर्देशिका, २०७७ स्वीकृत गर्ने ।

३. कर्णाली प्रदेश जिन्सी मालसामान लिलाम बिक्रि निर्देशिका, २०७७ स्वीकृत गर्ने ।

४. प्रदेशमा समायोजन भइ आएका कर्मचारीहरुको वैयक्तिक विवरण (PIS) अद्यावधिक गर्ने सम्बन्धमा प्रदेशमा समायोजन भइ आएका कर्मचारीहरुको बैयक्तिक विवरण (PIS) अद्यावधिक गर्नको लागि सो विवरण उपलब्ध गराइदिन नेपाल सरकारसँग अनुरोध गर्ने। साथै प्रदेशका कर्मचारीहरुको वैयक्तिगत विवरण अध्यावधिक गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई नियन्त्रित पहुँच (Controlled Access) उपलब्ध गराउन समेत अनुरोध गर्ने।

५. मन्त्रालयहरुबाट मन्त्रिपरिषद्मा पेश हुने कानूनी विषय जोडिएका दस्तावेजहरुलाई कानूनी रुपले परिपक्व बनाउने सम्बन्धमा मन्त्रालयहरुले मन्त्रिपरिषद्मा पेश हुने कानूनी दस्तावेज र प्रस्ताव (कानूनी विषय जोडिएका) तयार गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानून) लाई समेत अनिवार्य रुपमा सहभागी गराउने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप निर्णयहरु सम्बन्धित मन्त्रालयबाट उपलब्ध हुनेछन्।